बैठक नं. १५.

आज मिति २०७७/०३/०८ गतेका दिन कोहलपुर नगरपालिका नगर प्रमुख श्री लूट बहादुर रावत ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बसी तपसिलको उपस्थितीमा निम्न प्रस्तावहरुमा छलफल गरी निर्णय गरियो ।

| क्र.सं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | लूट बहादुर रावत | अध्यक्ष | |
| २. | सन्जु कुमारी चौधरी | सदस्य | |
| ३. | गोपीलाल खनाल | सदस्य | |
| ४. | कर्णसिंह बुढाक्षेत्री | सदस्य | |
| ५. | माधव रिजाल | सदस्य | |
| ६. | तिरथराम थारु | सदस्य | |
| ७. | विष्णु प्रसाद तिवारी | सदस्य | |
| ८. | राम सरन थारु | सदस्य | |
| ९. | दिपकजंग शाह | सदस्य | |
| १०. | रेशम बहादुर खत्री | सदस्य | |
| ११. | ठाकुर प्रसाद थारु | सदस्य | |
| १२. | निम बहादुर चलाउने | सदस्य | |
| १३. | कर्ण बहादुर थापा | सदस्य | |
| १४. | नैन बहादुर शाही | सदस्य | |
| १५. | ओम प्रकाश वली | सदस्य | |
| १६. | टेकचन हरिचन | सदस्य | |
| १७. | पतीराम थारु | सदस्य | |
| १८. | लीला कुमारी पाण्डे | सदस्य | |
| १९. | नारायणी वली | सदस्य | |
| २०. | गीता सुनार | सदस्य | |
| २१. | कल्पना शर्मा | सदस्य | |
| २२. | शान्ति सुनार्नी | सदस्य | |
| २३. | दयाराम वि.क. | सदस्य | |
| २४. | भिम बहादुर नेपाली | सदस्य | |
| २५. | डिल बहादुर परियार | सदस्य | |
| २६. | बिरेन्द्रदेव भारती | सचिव | |
| | सहयोगी कर्मचारी | | |
| १ | सुदिप सिंग सुनार | लेखा अधिकृत | |
| २ | अग्नि प्रसाद आचार्य | अधिकृत | |
| ३ | हेमराज खत्री | का.स. | |
| (४) | राजेन्द्र थापा | " | |

# प्रस्ताव तथा निर्णयहरु :

निर्णय नं. १

प्रस्ताव नं.०१ मा छलफल गर्दा यस कोहलपुर नगरपालिकाको सातौं नगरसभा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १९ वमोजिम २०७७ साल असाढ १० गते दिनको १ बजे नगरसभामा बस्ने निर्णय गरियो ।

निर्णय नं. २

प्रस्ताव नं.०२ मा छलफल गर्दा २०७७/१२/११ गते देखिको लकडाउनले प्रभावित व्यापारी/व्यवसायीहरुले नगरपालिकालाई बुझाउने कर/दस्तुर/महशुल/जरिवाना आदिमा ३ महिनाको रकम मिनाह गर्ने प्रस्तावमा आवश्यक निर्णय लिन नगरसभा समक्ष पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

प्रस्ताव नं.०३ मा छलफल गर्दा यस नगरपालिकाको वडा नं.०८ पिपरीमा अवस्थित कृषि विकास बैंक लि. पिपरी तालिम केन्द्रमा संचालन गरेको आईसोलेशन सेन्टरका लागि कृषि विकास बैंक लि.बाट स्वीकृत दररेट वमोजिम माग भै आएको जम्मा खर्च रकम रु.२४,६७,५००।-(अक्षेरुपी चौविस लाख सतसट्ठी हजार पाँचसय मात्र ) र नगरपालिकाले व्यवस्थापन गरेको अन्य स्थानको खर्च रकम रु.११,३५,६४६।- (अक्षेरुपी एघार लाख पैंतिस हजार छसय छ्यालिस मात्र) गरी जम्मा हुन आउने रकम रु.३६,०३,१४६।-(अक्षेरुपी छत्तिस लाख तिन हजार एकसय छ्यालिस मात्र) ०५ नं. प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयसँग माग गर्ने निर्णय गरियो ।

निर्णय नं.०४

प्रस्ताव नं.०४ मा छलफल गर्दा यस नगरपालिका भित्र निर्माण हुने टिनको छाना भएको टहरो निर्माणका लागि १००० वर्ग फिट सम्म प्रति वर्ग फिट रु.४।- र त्यस भन्दा माथिको क्षेत्रफलको हकमा प्रतिवर्गफिट रु.३।- राजश्व कायम गर्न नगरसभा समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं.०५

प्रस्ताव नं.०४ मा छलफल गर्दा 'घ'वर्गको निर्माण व्यसायीको ईजाजत प्राप्तीका लागि यस नगरपालिका समक्ष पेश गरेका टि.के. इन्जिनियरिङ्ग एण्ड कन्स्ट्रक्सन प्रा.लि. कोहलपुर-०७ र देवान्शी कन्स्ट्रक्सन एण्ड सप्लायर्स कोहलपुर-११, बाँकेलाई 'घ' वर्गको निर्माण व्यसायीको ईजाजत प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं.०६

प्रस्ताव नं.०६ मा छलफल गर्दा निम्न शिर्षकहरुमा रकम अभावका कारण कर्मचारी, व्यक्ती तथा फर्महरुको क्रमश: तलबभता र बिल भुक्तानी गर्न कठिनाई सृजना भएको हुंदा आगामी नगरसभावाट अनुमोदन हुने गरी निम्न खर्च शिर्षकहरुमा थपघट हुने गरी रकमान्तर गर्ने निर्णय गरियो ।

तपसिल :

घटाउने शिर्षकहरु:

चालु तर्फ

बढाउने शिर्षकहरु:

| सि.नं. | कार्यक्रम | खर्च शिर्षक | श्रोत | रकम | सि.नं. | कार्यक्रम | खर्च शिर्षक | श्रोत | रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | कर्मचारीको योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | २१२१२ | आन्तरिक | १,०००,०००.०० | १ | अन्य भत्ता | २११३९ | | ३००,०००.०० |
| | कर्मचारीको योगदानमा आधारित बीमा कोष खर्च | २१२१३ | आन्तरिक | १,०००,०००.०० | २ | कर्मचारी पुरुस्कार तथा प्रोत्साहान | २११३५ | | ६,०००,०००.०० |
| ३ | इन्धन (पदाधिकारी) | २२२११ | आन्तरिक | ९००,०००.०० | ३ | जनप्रतिनिधि सेवा सुविधा | २१११२ | | २,५००,०००.०० |
| ४ | छाडा पशु चौपाया नियन्त्रण | २२५२२ | आन्तरिक | १,०००,०००.०० | ४ | ईन्धन कार्यालय प्रयोजन | २२२१२ | | ३००,०००.०० |
| ५ | पुस्तक तथा सामग्री खर्च | २२३१३ | स स समानिकरण | २००,०००.०० | ५ | मातृ तथा नवशिशु कार्यक्रमका लागि व्यक्तिगत करार | | | २७०,०००.०० |
| ६ | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | २२६१३ | स स समानिकरण | १००,०००.०० | ६ | नगर प्रहरी व्यवस्थापन | २७११२ | | ३००,०००.०० |
| ७ | भैपरी आउने चालु खर्च | २८९११ | स रा बाँडफाँड | १,९००,०००.०० | | | | | |
| ८ | संचार महसुल | २२११२ | स स समानिकरण | ७००,०००.०० | | | | | |
| ९ | पदाधिकारी बैठक भत्ता | २११४१ | आन्तरिक | ५००,०००.०० | | | | | |
| ० | मन्दिर चर्च गुम्बा आदिलाई सहयोग कार्यक्रम | २७२१९ | आन्तरिक | १,०००,०००.०० | | | | | |
| १ | राजस्व संकलन अभियान | २२५२२ | आन्तरिक | ७००,०००.०० | | | | | |
| २ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | २२२३१ | स स समानिकरण | ४००,०००.०० | | | | | |
| | दमकल फायरमेन सवारी चालक | २२४१३ | | २७०,०००.०० | | | | | |
| | जम्मा | | | ९,६७०,०००.०० | | | | | ९,६७०,०००.०० |

त तर्फ

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | बधशाला निर्माण आ.ब. २०७५/०७६ को भुक्तानी दिन बाँकी दायित्व | | आन्तरिक | ३,५००,०००.०० | | मेशिनरी औजार | ३११२२ | | ३,५ |
| नगरपशु सेवा शाखा | | | | | | | | | |
| | तालिम तथा गोष्टी कार्यक्रम | | स रा बाँडफाँड | ३००,०००.०० | | मशलन्द तथा कार्यालय संचालन | | | ३० |
| | कुल जम्मा | | | १३,४७०,०००.०० | - | | | - | १३ |

## निर्णय नं.०७

प्रस्ताव नं.०७ मा छलफल गर्दा स्थानीय पुर्वाधार साझेदारी विकास कार्यक्रम तर्फका आय संचालनको लागि नगरपालिका श्रोतवाट व्यहोर्ने आर्थिक दायित्व को.न.पा.चालु आ.व.२०७६/०७७ को स वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत समपुरक कोषमा विनियोजन भएको बजेट वाट खर्च लेखि भुक्तानी निर्णय गरियो ।

## निर्णय नं.०८

प्रस्ताव नं.०८ मा छलफल गर्दा कोभिड-१९ का कारणले नगरपालिकामा भएको आर्थिक मन्दीलाइ नजर गर्दै आजका मिति देखि लागु हुने गरी कार्यपालिका तथा नगर सभा बैठक भत्ता, योजना अनुगमन फिल्ड भत्ता, घरवहाल सुविधा लगायत सबै प्रकारका सुविधाहरुलाई कटौती गर्ने गर्ने निर्णय गरियो ।

## निर्णय नं.०९

प्रस्ताव नं.०९मा छलफल गर्दा नेपाल रेडक्रस सोसाईटीलाई पुर्वाधार विकास कार्यका रु.८००,०००।-(अक्षेरुपी आठलाख मात्र) समपुरक कोषबाट रकमान्तर गरी भुक्तानी गर्ने निर्णय गरियो ।

## निर्णय नं.१०

प्रस्ताव नं. १० मा छलपफल गर्दा कोरोना भाईरस (कोभिड-१९) संक्रमणको संभावित जोखिम रो तथा नियन्त्रणका लागि नेपाल सरकारले घोषणा गरेको लकडाउनको अवधिमा यस नगरपालिकामा कु पदमा कार्यरत अम्मर बहादुर बादी र सुदिप थारुलाई निजहरुले खाईपाई आएको तलब स्केलको ५०% प्रतिशत) थप सुविधा २०७७ बैशाख महिना देखि उपलब्ध गराउने निर्णय गरियो ।

## निर्णय नं.११

प्रस्ताव नं. ११ मा छलफल गर्दा वडा नं.०८ स्थित सानो डुडुवा पुल नजिकको नाली निर्माण लागि भुक्तानी दिनुपर्ने रकम रु.५५०,०००।-(अक्षेरुपी पाँचलाख पचास हजार मात्र) समपुरक विनियोजन भएको बजेटबाट खर्च लेखि भुक्तानी दिने निर्णय गरियो ।